# राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४

निर्वाचन आयोगबाट स्वीकृत मिति : २०७४।१०।१७

राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ को दफा ७२ ले दिएको अधिकार प्रयोग गरी निर्वाचन आयोगले यो निर्देशिका बनाई लागू गरेको छ ।

## परिच्छेद-१
## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस निर्देशिकाको नाम "राष्ट्रिय सभा सदस्य निर्वाचन (मतगणना) निर्देशिका, २०७४" रहेको छ ।

(२) यो निर्देशिका तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस निर्देशिकामा,-

(क) "अध्यादेश" भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन अध्यादेश, २०७४ सम्झनु पर्छ ।

(ख) "अल्पसङ्ख्यक" भन्नाले निर्वाचन हुनुभन्दा तत्काल अगाडि भएको राष्ट्रिय जनगणनाको आधारमा संविधानको धारा ३०६ को उपधारा (१) को खण्ड (क) को अधीनमा रही नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ ।

(ग) "आयोग" भन्नाले संविधानको धारा २४५ बमोजिमको निर्वाचन आयोग सम्झनु पर्छ ।

(घ) "उम्मेदवार" भन्नाले निर्वाचनको लागि अध्यादेशको दफा १६ बमोजिम उम्मेदवारको रुपमा मनोनयन गरिएको व्यक्ति सम्झनु पर्छ ।

(ङ) "एकल सङ्क्रमणीय मत प्रणाली" भन्नाले एकजना भन्दा बढी उम्मेदवार निर्वाचित हुने समूहको लागि मतदाताले प्राथमिकताको आधारमा मत दिने र निर्वाचित भएको वा मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले प्राप्त गरेको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गरी आवश्यक सङ्ख्यामा उम्मेदवार निर्वाचित गर्ने निर्वाचन प्रणाली सम्झनु पर्छ ।

(च) "कायम रहेका उम्मेदवार" भन्नाले निर्वाचित भएका वा मतगणना प्रकृयाबाट बाहेक भएका उम्मेदवार बाहेक गणना प्रकृयामा कायम रहेका उम्मेदवार सम्झनु पर्छ ।

(छ) "कोटा" भन्नाले दफा २७ बमोजिम कायम हुन आउने एकल सङ्क्रमणीय मत प्रणाली बमोजिम निर्वाचित हुन आवश्यक पर्ने मत सम्झनु पर्छ ।

(ज) "नगरपालिका" भन्नाले नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका सम्झनु पर्छ ।

(झ) “नियमावली” भन्नाले राष्ट्रिय सभा सदस्य निर्वाचन नियमावली, २०७४ सम्झनु पर्छ ।

(ञ) “निर्वाचन” भन्नाले संविधानको धारा ८६ को उपधारा (२) को खण्ड (क) बमोजिम राष्ट्रिय सभा सदस्यको लागि हुने निर्वाचन सम्झनु पर्छ र सो शब्दले निर्वाचित भएको सदस्यको पद रिक्त भएको अवस्थामा गरिने उपनिर्वाचनलाई समेत जनाउँछ ।

(ट) “निर्वाचन अधिकृत” भन्नाले अध्यादेशको दफा ७ बमोजिम नियुक्त भएको निर्वाचन अधिकृत सम्झनु पर्छ र सो शब्दले सहायक निर्वाचन अधिकृतलाई समेत जनाउँछ ।

(ठ) “निर्वाचन कार्यालय” भन्नाले क्षेत्रीय निर्वाचन कार्यालय वा जिल्ला निर्वाचन कार्यालय सम्झनु पर्छ ।

(ड) “निर्वाचन चिन्ह” भन्नाले मतपत्रमा रहेको उम्मेदवारको निर्वाचन चिन्ह सम्झनु पर्छ ।

(ढ) “निर्वाचन प्रतिनिधि” भन्नाले उम्मेदवारको तर्फबाट गर्नुपर्ने कामको लागि अध्यादेशको दफा २८ बमोजिम नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

(ण) “बढी मत” भन्नाले निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको कोटा भन्दा बढी (सरप्लस) भएको मत सम्झनु पर्छ ।

(त) “मतगणना प्रतिनिधि” भन्नाले उम्मेदवार वा निर्वाचन प्रतिनिधिले मतगणनाको काममा प्रतिनिधित्व गर्नको लागि दफा ७ बमोजिम नियुक्त गरेको व्यक्ति सम्झनु पर्छ ।

(थ) “मतदाता” भन्नाले नियमावलीको नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम रहेका प्रदेश सभा सदस्य तथा गाउँपालिकाका अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुख सम्झनु पर्छ ।

(द) “मतपत्र” भन्नाले निर्वाचनमा मतदान गर्नका प्रयोग गरिएको मतपत्र सम्झनु पर्छ ।

(ध) “मतपेटिका” भन्नाले मतसङ्केत गरेको मतपत्र राख्नका लागि प्रयोग गरिएको मतपेटिका सम्झनु पर्छ ।

(न) “मत मूल्य” भन्नाले उम्मेदवारले पहिलो प्राथमिकता प्राप्त गरेको मतपत्रको हकमा अध्यादेशको दफा ५५ बमोजिमको मतभार बमोजिमको मत मूल्य सम्झनु पर्छ र सो शब्दले सङ्क्रमण भई दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण भएको प्रत्येक मतपत्रको सङ्क्रमण मूल्यलाई समेत जनाउँछ ।

(प) “राष्ट्रिय सभा” भन्नाले संविधानको धारा ८६ बमोजिम गठन हुने राष्ट्रिय सभा सम्झनु पर्छ ।

(फ) “सङ्क्रमण मूल्य” भन्नाले निर्वाचित भएको उम्मेदवारले कोटाभन्दा बढी मत प्राप्त गरेमा त्यस्तो बढी मत दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गर्ने प्रयोजनको लागि दफा ३२ बमोजिम निर्धारण गरिएको

सङ्क्रमण मूल्य सम्झनु पर्छ र सो शब्दले मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले प्राप्त गरेको मतपत्रमा निजको हकमा कायम रहेको मूल्यमा दोस्रो वा तेस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गरिने मत मूल्यलाई समेत जनाउँछ ।

(ब) "सदस्य" भन्नाले राष्ट्रिय सभा सदस्य सम्झनु पर्छ ।

(भ) "समूह" भन्नाले दफा ३ को उपदफा (१) बमोजिमको महिला, दलित, अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक तथा अन्य समूह सम्झनु पर्छ ।

(म) "संविधान" भन्नाले नेपालको संविधान सम्झनु पर्छ ।

## परिच्छेद-२
## मतगणना व्यवस्थापन सम्बन्धी व्यवस्था

३. **मतगणना सम्बन्धी निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार** : यस निर्देशिकामा अन्यत्र उल्लिखित काम, कर्तव्य र अधिकारका अतिरिक्त मतगणनाको सन्दर्भमा निर्वाचन अधिकृतको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) मतगणना गर्ने स्थानको व्यवस्था गर्ने,

(ख) मतगणना कार्यमा खटिने कर्मचारीको आवश्यक सुरक्षा प्रबन्धको लागि स्थानीय प्रशासनसँग समन्वय गर्ने,

(ग) मतगणनाका लागि आवश्यक जनशक्तिको व्यवस्था गरी मतगणना सम्बन्धी विषयमा अभिमुखीकरण गर्ने,

(घ) मतगणना स्थलमा आवश्यक सामग्री, खानेपानी, बत्ती, सुरक्षा आदिको प्रबन्ध मिलाउने,

(ङ) मतगणना कार्य सुरु गर्नु अगावै उम्मेदवार वा निजका प्रतिनिधिको बैठक बोलाई आवश्यक छलफल गरी मतगणना सम्बन्धी कानूनी व्यवस्थाका बारेमा जानकारी गराउने एवं मतगणना कार्यलाई सहज बनाउन सकारात्मक वातावरण सिर्जना गर्ने,

(च मतदान कार्य सम्पन्न भई मतदान केन्द्रबाट मतपेटिका सङ्कलन भएपछि मतगणना कार्य प्रारम्भ गर्ने,

(छ) मतगणना सम्बन्धी सम्पूर्ण फाराम, मुचुल्का लगायतका कागजात तयार गरी गराई अभिलेख राख्ने,

(ज) निर्वाचन परिणाम घोषणा गर्ने,

(झ) मतगणना परिणामको विवरण निर्वाचन कार्यालय र आयोगमा पठाउने,

(ञ) आयोगबाट स्वीकृत आर्थिक निर्देशिकामा उल्लेख भए बमोजिम मतगणना कार्यका लागि आवश्यक रकम खर्च लेखी सोको अभिलेख राख्ने ।

४. **मतगणना टोली सम्बन्धी व्यवस्था** : (१) निर्वाचन अधिकृतले मतगणनाको लागि देहाय बमोजिमका कर्मचारी रहने गरी आवश्यक सङ्ख्यामा मतगणना टोली गठन गर्न सक्नेछ :-

| क्र.सं. | कर्मचारीको विवरण | सङ्ख्या |
|---|---|---|
| १. | प्रमुख मतगणना अधिकारी (निर्वाचन अधिकृत) | एकजना |
| २. | सहायक मतगणना अधिकारी (अधिकृतस्तर कर्मचारी) | दुईजना |
| ३. | गणक | तीनजना |
| ४. | कम्प्यूटर अपरेटर (डाटा इन्ट्री गर्ने प्रयोजनको लागि | एकजना |
| ५. | सहयोगी कर्मचारी | एकजना |

(२) उपदफा (१) बमोजिमको प्रत्येक मतगणना टोलीले कुनै समूहको मतगणना सम्पन्न गर्दा एक सिफ्ट मतगणना गरेको मानिनेछ ।

(३) निर्वाचन अधिकृतले स्थान उपलब्ध भएसम्म एकैपटक एकभन्दा बढी समूहको लागि मतगणना टोलीहरु बनाई गणना गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम मतगणना कार्यमा खटिने कर्मचारीलाई निर्वाचन अधिकृतले मतगणना सम्बन्धी अभिमुखीकरण गराउनु पर्नेछ ।

(५) मतगणनाको लागि कर्मचारी खटाउँदा कुनै पनि ट्रेड यूनियनको पदाधिकारी वा सदस्य नरहेका सरकारी कर्मचारीलाई खटाउनु पर्नेछ ।

(६) निर्वाचन अधिकृत प्रत्येक मतगणना टोलीको प्रमुख मतगणना अधिकारीको रुपमा रहनेछ ।

## परिच्छेद-३
## मतगणना प्रारम्भ गर्ने

५. **मतगणना प्रारम्भ हुने सूचना प्रकाशन गर्ने** : (१) निर्वाचनको लागि तोकिएका सम्बन्धित प्रदेशका सबै मतदान केन्द्रबाट मतदानको लागि प्रयोग भएका मतपेटिका प्राप्त भएपछि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थान, मिति र समय उल्लेख गरी अनुसूची-१ बमोजिमको सूचना आफ्नो कार्यालयमा प्रकाशन गर्नु पर्नेछ ।

तर कुनै मतदान केन्द्रमा पुनः मतदान हुने भएमा त्यसरी पुनः मतदान भएको मतदान केन्द्रको मतपेटिका मतगणनास्थलमा प्राप्त नभएसम्म अन्य मतदान केन्द्रको मतगणना कार्य शुरु गरिने छैन ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्ने स्थान तोक्दा सुरक्षा र सुविधाको दृष्टिले उपयुक्त सरकारी कार्यालय वा सार्वजनिक भवनमा मतगणना हुने गरी तोक्न सकिनेछ ।

(३) उपदफा (१) बमोजिमको सूचनामा उम्मेदवारले मतगणना गर्ने स्थानमा आफ्नो मतगणना प्रतिनिधि राख्न चाहेमा त्यस्तो प्रतिनिधि नियुक्त गरी पठाउनु पर्ने कुरा समेत उल्लेख गर्नु पर्नेछ ।

६. **मतगणना गर्ने स्थानको व्यवस्था** : (१) निर्वाचन अधिकृतले कुनै समूहको लागि भएको निर्वाचनको मतगणना एउटै कोठामा गर्ने व्यवस्था मिलाउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा प्रकाश वा बत्तीको पर्याप्त व्यवस्था मिलाउनु पर्नेछ ।

(३) सर्वसाधारणलाई कुनै समूहको लागि भएको निर्वाचनको मतगणना समाप्त भए पछि सोको नतिजाको जानकारी गराउनको लागि निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा सूचना पाटी, माइक आदिको यथोचित व्यवस्था मिलाउनु पर्नेछ ।

७. **मतगणना प्रतिनिधि** : (१) मतगणनामा उम्मेदवारको तर्फबाट गर्नु पर्ने कामको लागि उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अनुसूची-२ बमोजिम मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ । यसरी मतगणना प्रतिनिधि नियुक्ति गरेको लिखित जानकारी निर्वाचन अधिकृतलाई तुरुन्त दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गर्दा सम्बन्धित प्रदेशको लागि तयार गरिएको नियमावलीको नियम १० बमोजिमको अन्तिम मतदाता नामावलीमा नाम समावेश भएको र लेखपढ गर्न जान्ने व्यक्ति मध्येबाट निर्वाचन अधिकृतले तोकेको सङ्ख्यामा नियुक्त गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना प्रतिनिधि नियुक्ति गरेको जानकारी प्राप्त भएपछि सोको अभिलेख राखी त्यस्तो मतगणना प्रतिनिधिलाई अनुसूची-३ बमोजिमको परिचयपत्र दिनु पर्नेछ ।

(४) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एउटा दलको तर्फबाट उम्मेदवार भएका सबैजनाको तर्फबाट एउटा मतगणना टोलीमा एकजना मात्र मतगणना प्रतिनिधि रहन सक्ने गरी निर्वाचन अधिकृतले आवश्यक व्यवस्था मिलाउनु पर्नेछ ।

(५) उम्मेदवार वा निर्वाचन प्रतिनिधिले अगावै खारेज गरेमा बाहेक निर्वाचन परिणाम घोषणा नभएसम्म मतगणना प्रतिनिधि कायम रहनेछ ।

(६) उपदफा (१) बमोजिम नियुक्त भएको मतगणना प्रतिनिधिलाई उम्मेदवार वा निर्वाचन प्रतिनिधिले जुनसुकै बखत बदर गरी अर्को मतगणना प्रतिनिधि नियुक्त गर्न सक्नेछ ।

(७) उपदफा (६) बमोजिम अर्को मतगणना प्रतिनिधि नियुक्त गरिएकोमा निर्वाचन अधिकृतलाई तुरुन्त जानकारी दिनु पर्नेछ ।

(८) शान्तिपूर्ण ढङ्गबाट मतगणना कार्य सम्पन्न गर्न सहयोग गर्नु, मतगणना सम्बन्धी कार्यमा तयार भएका मुचुल्कामा सहिछाप गर्नु तथा ऐन, नियमावली तथा यस निर्देशिका बमोजिम मतगणना प्रतिनिधिले मतगणनास्थलमा गर्नुपर्ने सबै काम गर्नु मतगणना प्रतिनिधिको कर्तव्य हुनेछ ।

८. **मतगणना गर्ने स्थानमा प्रवेश** : (१) निर्वाचन अधिकृतले मतगणना गर्ने स्थानमा देहाय बमोजिमका व्यक्ति बाहेक अन्य व्यक्तिलाई प्रवेश गर्न दिनु हुँदैन :-

(क) उम्मेदवार वा निजको एकजना निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि,

(ख) मतगणनाको काममा खटिएका कर्मचारी,

(ग) आयोगबाट अनुगमन वा अन्य प्रयोजनको लागि खटिएका पदाधिकारी वा कर्मचारी,

(घ) आयोगबाट अनुमति प्राप्त पर्यवेक्षक,

(ङ) सुरक्षाको लागि खटिएका कर्मचारी,

(च) आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्ति ।

(२) मतगणना गर्ने स्थानमा प्रवेश गर्न आयोग वा निर्वाचन अधिकृतबाट अनुमति पाएका व्यक्तिलाई निर्वाचन अधिकृतले अनुसूची-४ बमोजिमको अनुमतिपत्र दिनु पर्नेछ ।

९. **परिचयपत्र वा अनुमतिपत्र लगाउनु पर्ने** : (१) मतगणना गर्ने स्थानमा प्रवेश गर्न अनुमति पाएका कर्मचारी वा व्यक्तिले मतगणना गर्ने स्थानमा रहँदा आफ्नो परिचयपत्र तथा अनुमतिपत्र सबैले देख्ने गरी लगाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम परिचयपत्र नलगाएको वा अनुमतिपत्र नपाएको कर्मचारी वा व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न वा बस्न दिनु हुदैन ।

१०. **परिचयपत्र तथा अनुमतिपत्र कायम रहने अवधि** : दफा ७ को उपदफा (३) बमोजिम मतगणना प्रतिनिधिलाई दिएको परिचयपत्र तथा निर्वाचन अधिकृतले मतगणना सम्बन्धी कामको प्रयोजनको लागि कुनै व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिएको दफा ८ को उपदफा (२) बमोजिमको अनुमतिपत्र निर्वाचन अधिकृतले मतगणना कार्य सम्पन्न हुनु अगावै रद्द गरेको अवस्थामा बाहेक मतगणनाको कार्य समाप्त नभएसम्म कायम रहनेछ ।

११. **मादक पदार्थ सेवन गरेको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मादक पदार्थ सेवन गरेको कुनै पनि व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१२. **हतियार लिएको व्यक्तिलाई प्रवेश गर्न नदिने** : दफा ८ मा जुनसुकै कुरा लेखिएको भए तापनि निर्वाचन अधिकृतले मतगणना स्थलको सुरक्षार्थ खटिएको सुरक्षाकर्मी बाहेक हतियार लिएको अन्य व्यक्तिलाई मतगणना गर्ने स्थानमा प्रवेश गर्न दिनु हुँदैन ।

१३. **निर्धारित समयमा मतगणना प्रारम्भ गर्ने** : (१) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ गर्न दफा ५ बमोजिम प्रकाशन गरेको सूचनामा उल्लेख गरेको मिति र समयमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा आफ्नो प्रत्यक्ष रेखदेख तथा नियन्त्रणमा मतगणनाको कार्य प्रारम्भ गर्नु वा गराउनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले अनुसूची-५ बमोजिम मतगणना प्रारम्भ गरेको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा उम्मेदवार वा निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि समेतको

सहिछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ । प्रत्येक समूहको मतगणनाको लागि अलग-अलग मुचुल्का गराउनु पर्नेछ ।

(३) मतगणना गर्ने स्थानमा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधि उपस्थित नभएमा वा मुचुल्कामा सहीछाप गर्न मञ्जुर नगरेमा निर्वाचन अधिकृतले मुचुल्कामा सोही व्यहोरा जनाई आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(४) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि कुनै मतदान केन्द्रमा पुनः मतदान गर्नुपर्ने भएमा त्यस्तो मतदान केन्द्रको मतदानको कार्य समाप्त नभएसम्म मतगणना प्रारम्भ गरिने छैन ।

(५) निर्वाचन अधिकृतले मतगणना प्रारम्भ हुनु पूर्व मतगणना स्थलमा उपस्थित कसैले पनि क्यामेरा, मोबाइल, ट्याबलेट जस्ता इलेक्ट्रोनिक उपकरणहरु प्रयोग गर्न नपाउने कुराको जानकारी गराई त्यस्ता उपकरण प्रयोग गर्न नपाउने व्यवस्था मिलाउनु पर्नेछ ।

(६) निर्वाचन अधिकृतले मतगणना गर्दा सम्भव भएसम्म सबै समूहको लागि भएको निर्वाचनको मतगणना एकै समयमा प्रारम्भ गर्नु पर्नेछ ।

(७) उपदफा (६) मा जुनसुकै कुरा लेखिएको भए तापनि एकै समयमा सबै समूहको लागि भएको निर्वाचनको मतगणना गर्न नसकिएमा दलित समूह र अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहको लागि भएको निर्वाचनको मतगणना गरी त्यसपछि क्रमशः महिला समूहको र अन्य समूहको लागि भएको निर्वाचनको मतगणना गर्नु पर्नेछ ।

(८) मतगणना गर्दा मतदानको लागि प्रयोग गरिएको कलमको मसी भन्दा भिन्न रङ्गको मसी भएको डटपेन प्रयोग गर्नु पर्नेछ र निर्वाचन अधिकृतले मतदानको लागि प्रयोग गरिएको कलमको मसीसँग मिल्दोजुल्दो मसी भएको कलम वा डटपेन मतगणना गर्ने स्थानमा राख्नु वा राख्न दिनु हुँदैन ।

१४. **मतपेटिका जाँच गर्ने** : (१) दफा १३ को उपदफा (२) बमोजिम मतगणना प्रारम्भ भएको मुचुल्का गरी सकेपछि निर्वाचन अधिकृतले उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको रोहबरमा मतपत्र रहेको मतपेटिकाको देहाय बमोजिम जाँच गर्नु पर्नेछ :-

(क) प्रत्येक मतदान केन्द्रको मतपेटिका खोलिएको वा फोरिएको छ, छैन ?

(ख) मतपेटिकामा मतदान केन्द्रको नाम, सुरक्षणसिल नम्बर र मतपेटिकाको सङ्ख्या उल्लेख गरिएको छ, छैन ?

(ग) मतपेटिका बन्द गरेको ठाउँमा लगाएको सुरक्षणसिल दुरुस्त छ, छैन ?

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतपेटिका जाँच गरी सकेपछि मतपेटिका जाँच गरेको अनुसूची-६ बमोजिमको मुचुल्का गर्नु पर्नेछ । यसरी मुचुल्का गर्दा आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत

सहीछाप गराउनु पर्नेछ । कुनै उम्मेदवार वा प्रतिनिधिले सो मुचुल्कामा कुनै कैफियत जनाउन चाहेमा त्यस्तो कैफियत जनाउन दिनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम मतपेटिकाको जाँच गर्दा कुनै कैफियत देखिएमा मुचुल्कामा सोही व्यहोरा खुलाउनु पर्नेछ । यसरी मुचुल्का तयार भएपछि त्यस्ता मतपेटिका सुरक्षित स्थानमा राख्नु पर्नेछ ।

(४) कैफियत नदेखिएको मतपेटिकाको मतगणना कार्य समाप्त भएपछि उपदफा (३) बमोजिम कैफियत देखिएका मतपेटिकाको सम्बन्धमा सहमति कायम गरी मतगणना गर्नु पर्नेछ । सहमति कायम हुन नसकेमा आयोगलाई जानकारी गराई आयोगको निर्देशन बमोजिम गर्नु पर्नेछ ।

**१५. प्रतिनिधिले देख्ने गरी मतगणना गर्ने** : (१) मतगणना गर्दा निर्वाचन अधिकृत वा निजले खटाएको गणक कर्मचारीले उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले राम्रोसँग देख्न सक्ने गरी मतगणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना गर्दा उम्मेवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले कुनै मतपत्र हेर्न चाहेमा निजहरुलाई त्यस्तो मतपत्र देखाउनु पर्नेछ ।

तर त्यस्तो मतपत्र निजलाई समाउन वा छुन दिनु हुँदैन ।

**१६. बदर हुने मतपत्र** : देहायको कुनै अवस्थाको मतपत्र बदर हुनेछ :-

(क) सम्बन्धित मतदान अधिकृतको दस्तखत नभएको,

(ख) नियमावलीको नियम ३२ को उपनियम (१) वा (२) बमोजिम मत सङ्केत नगरी अन्य कुनै किसिमले मतसङ्केत गरिएको,

(ग) मत सङ्केत चिन्ह नबुझिने गरी लतपतिएको वा च्यातिएको,

(घ) एकै समूहबाट एकभन्दा बढी सदस्य निर्वाचित हुनेमा पहिलो प्राथमिकता नजनिएको,

(ङ) एकै समूहबाट एकभन्दा बढी सदस्य निर्वाचित हुनेमा एक भन्दा बढी उम्मेदवारलाई एउटै प्राथमिकता दिइएको,

(च) निर्वाचित हुने सङ्ख्या भन्दा बढी उम्मेदवारलाई मत दिइएको,

(छ) कुन उम्मेदवारलाई कुन प्राथमिकता दिइएको हो सो छुट्याउन नसकिने अवस्था रहेको,

(ज) कुनै पनि उम्मेदवारलाई मत सङ्केत नगरिएको,

(झ) कुनै उम्मेदवारलाई मत सङ्केत नगरी मतदान अधिकृतलाई मतपत्र फिर्ता दिइएको,

(ञ) आयोगद्वारा निर्धारित मतपत्र बाहेक अन्य मतपत्रद्वारा मतदान गरिएको,

(ट) मतपेटिका भन्दा बाहिर राखिएको,

(ठ) जाली मतपत्र,

(ड) मतदानको लागि आयोगले उपलब्ध गराएको कलम बाहेक अन्य कलमले मतसङ्केत गरिएको,

(ढ) आयोगले बदर हुने भनी तोकेको मतपत्र ।

## परिच्छेद-४

## दलित तथा अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहको मतगणना

१७. **सदर तथा बदर मतपत्र छुट्याउने** : (१) मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि सो मतपेटिकामा लगाएको सुरक्षणसिल तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र खन्याउनु अघि सम्बन्धित मतदान केन्द्रमा खसेको कूल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

(३) मतपेटिकाबाट मतपत्र खन्याइसकेपछि पट्याईएका मतपत्रहरू खोलेर सदर र बदर मतपत्र छुट्याई उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह भएको भाग घोप्ट्याएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई बाँधी राख्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिम बनाइएका ठेली जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम छुट्याइएका मतपत्रको ठेलीबाट सबैभन्दा पहिले बदर मतपत्रहरु छुट्याई मतपत्र नोक्सान नहुने गरी प्रत्येक बदर मतपत्रको पछाडि मतपत्र बदर गर्नुपर्ने कारण जनाई बदर भएका सबै मतपत्रहरु एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनु पर्नेछ र सो खामको बाहिर सम्बन्धित समूहको नाम तथा बदर भएका फरक फरक मतभार भएका मतपत्रको सङ्ख्या समेत उल्लेख गरी मतगणनास्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ ।

(६) उपदफा (५) बमोजिम बदर मत गणना गरी सके पछि प्रत्येक उम्मेदवारले प्राप्त गरेको मतको आधारमा अलग अलग ठेली बनाई गणना गर्नु पर्नेछ र यसरी प्राप्त मतलाई देहाय बमोजिमको मूल्यले गुणन गरी प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल मत यकिन गर्नु पर्नेछ :-

(क) प्रदेश सभा सदस्यले दिएको मतको मूल्य अठ्चालीस,

(ख) गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष तथा नगरपालिकाको प्रमुख र उपप्रमुखले दिएको मतको मूल्य अठार ।

१८. **मतपत्र खाम वा थैलोमा बन्द गर्ने** : निर्वाचन अधिकृतले गणना गरी सकेको सदर मतपत्र खाम वा थैलोमा बन्द गरी लाहाछाप लगाई सिलबन्दी गरी राख्नु पर्नेछ र सो खामको बाहिर सम्बन्धित समूह, र फरक फरक मतभार भएका सदर मतपत्रको सङ्ख्या समेत उल्लेख गरी आफूले सहीछाप गरी उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराउनु पर्नेछ ।

१९. **मतगणना तालिका तयार गर्ने** : (१) निर्वाचन अधिकृतले प्रत्येक समूहको मतगणना कार्य समाप्त भएपछि अनुसूची-७ बमोजिमको तीन प्रति मतगणना तालिका तयार गर्नु पर्नेछ । सो मतगणना तालिकामा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम दलित र अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट हुने निर्वाचनको लागि अलग-अलग मतगणना तालिका तयार गर्नु पर्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम तयार भएको मतगणना तालिकाको एकप्रति निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

२०. **मत बराबर भएमा गोला हाली निर्णय गर्ने** : (१) सम्बन्धित प्रदेशमा मतदान भएको सबै मतदान केन्द्रको मतगणना कार्य समाप्त भएपछि दलित तथा अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहबाट निर्वाचित हुने सदस्यको लागि भएको निर्वाचनमा दुई वा दुईभन्दा बढी उम्मेदवारले प्राप्त गरेको सदर मत बराबर भई निर्वाचित उम्मेदवार छुट्याउन नसकिने भएमा निर्वाचन अधिकृतले त्यसरी बराबर मत पाउने उम्मेदवारहरू बीच गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम गोला हाली निर्णय गरेकोमा अनुसूची-८ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा निर्वाचन अधिकृतले सहीछाप गरी मत बराबर भएका उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । त्यस्तो मुचुल्का गर्दा कुनै उम्मेदवार वा निजको प्रतिनिधि उपस्थित नभएमा वा सहीछाप गर्न नमानेमा सोही व्यहोरा उल्लेख गरी अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम गोलाबाट छानिएको उम्मेदवारले एक मत बढी पाएको मानिनेछ । त्यस्तो मत दफा १९ बमोजिमको मतगणना तालिकाको कैफियतमा उल्लेख गर्नु पर्नेछ ।

२१. **निर्वाचन परिणामको घोषणा** : (१) निर्वाचन अधिकृतले दफा १९ बमोजिमको मतगणना तालिका तयार गरिसके पछि अनुसूची-९ बमोजिमको घोषणा तयार गर्नु पर्नेछ र सोको एकप्रति आफ्नो कार्यालयमा प्रकाशन गरी एक प्रति आयोगमा पठाउनु पर्नेछ ।

(२) कुनै समूहको मतगणना कार्य समाप्त भई निर्वाचन परिणाम घोषणा भएपछि सोको नतिजा सूचना पाटी वा माइक (लाउड स्पिकर) को माध्यमबाट सर्वसाधारणलाई जानकारी गराउनु पर्नेछ ।

२२. **<u>मतगणना समाप्त भएको मुचुल्का गर्ने</u>** : प्रत्येक समूहको मतगणनाको काम समाप्त भएपछि निर्वाचन अधिकृतले मतगणना समाप्त भएको अनुसूची-१० बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

## परिच्छेद-५

## <u>महिला र अन्य समूहको मतगणना</u>

२३. **<u>उम्मेदवारले प्राप्त गरेको मतपत्र राख्न खाम वा टोकरीको व्यवस्था गर्ने</u>** : प्रत्येक उम्मेदवारले प्राप्त गरेको पहिलो प्राथमिकताको मतपत्र वा सङ्क्रमण भई प्राप्त हुने मतपत्र राख्नको लागि खाम वा टोकरीको व्यवस्था गरी सो खाम वा टोकरीको बाहिरी भागमा उम्मेदवारको नाम लेखी राख्नु पर्नेछ ।

२४. **<u>चरणबद्ध रुपमा मतगणना हुने</u>** : (१) महिला र अन्य समूहको लागि मतगणना गर्दा चरणबद्ध रुपमा गर्नु पर्नेछ ।

<u>स्पष्टीकरण</u> : यस दफाको प्रयोजनको लागि “चरण” भन्नाले कुनै उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरेमा त्यस्तो उम्मेदवारलाई निर्वाचित भएको घोषणा गरी निजले प्राप्त गरेको बढी मत अर्को प्राथमिकताका उम्मेदवारलाई वितरण गरिने वा कुनै पनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरेमा सबैभन्दा कम मत पाउने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गरी निजले पाएको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गरिने प्रकृया सम्झनु पर्छ ।

(२) मतगणना गर्दा एक चरणमा एकजना उम्मेदवारलाई मात्र निर्वाचित भएको घोषणा गर्न वा एकजना उम्मेदवारलाई मात्र मतगणना प्रकृयाबाट बाहेक गर्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि देहायको अवस्थामा एकजना भन्दा बढी उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्न वा मतगणना प्रकृयाबाट बाहेक गर्न सकिनेछ :-

(क) जतिजना सदस्य निर्वाचित गर्नु पर्ने हो त्यति जना उम्मेदवारले एउटै चरणमा कोटा बमोजिमको मत प्राप्त गरेमा निजहरु सबैलाई एक चरणमा निर्वाचित भएको घोषणा गर्न,

(ख) कुनैपनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरी सबैभन्दा कम मत पाउने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गर्नुपर्ने अवस्थामा सो चरणसम्ममा मत प्राप्त नगरेका उम्मेदवार भएमा मत नपाउने सबै उम्मेदवारलाई एकै चरणमा बाहेक गर्न ।

२५. **<u>सदर तथा बदर मतपत्र छुट्याउने</u>** : (१) दफा १४ बमोजिम मतपेटिका जाँच गरेको मुचुल्का गरी सकेपछि सो मतपेटिकामा लगाएको सुरक्षणसिल तोडी खोल्नु पर्नेछ र मतपेटिकामा रहेका सबै मतपत्रहरू मतगणना गर्ने स्थानमा खन्याउनु पर्नेछ । मतपत्र खन्याई रित्तो भएको मतपेटिका उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई देखाउनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम मतपत्र खन्याउनु अघि सम्बन्धित मतदान केन्द्रमा खसेको कूल मतको विवरण छुट्टै लेखी सुरक्षित राख्नु पर्नेछ ।

(३) मतपेटिकाबाट मतपत्र खन्याई सकेपछि पट्याईएका मतपत्रहरू खोलेर उम्मेदवारको नाम तथा निर्वाचन चिन्ह भएको भाग घोप्ट्याएर राख्नु पर्नेछ र सुविधा अनुसार पचास वा एकसय मतपत्रको ठेली बनाई राख्नु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (३) बमोजिम बनाइएका ठेली जिम्मा लिई राख्नु पर्नेछ र प्रत्येक ठेलीबाट क्रमशः मतगणना गर्नु पर्नेछ ।

(५) उपदफा (३) बमोजिम छुट्याइएका मतपत्रको ठेलीबाट सबैभन्दा पहिले बदर मतपत्रहरु छुट्याई मतपत्र नोक्सान नहुने गरी प्रत्येक बदर मतपत्रको पछाडि मतपत्र बदर गर्नुपर्ने कारण जनाई बदर भएका सबै मतपत्रहरु एउटा छुट्टै खाममा राखी लाहाछाप लगाउनु पर्नेछ र सो खामको बाहिर सम्बन्धित समूहको नाम तथा बदर भएका फरक-फरक मतभार भएका मतपत्रको सङ्ख्या समेत उल्लेख गरी मतगणनास्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ ।

२६. **<u>मतपत्रको प्राथमिकताक्रम बमोजिमको विवरण तयार गर्ने</u>** : (१) सदर मतपत्रमध्ये प्रत्येक मतपत्रलाई क्रमसङ्ख्या (नम्बरिङ) जनाई सबै मतपत्रमा जनिएको प्राथमिकता बमोजिमको विवरण अनुसूची-११ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम तयार गरिएको फाराममा मतगणनास्थलमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको सहीछाप गराई निर्वाचन अधिकृतले सहीछाप गरी राख्नु पर्नेछ ।

२७. **<u>कोटा निर्धारण गर्ने</u>** : (१) दफा २५ बमोजिम सदर र बदर मतपत्र छुट्याई सकेपछि सदर मतपत्र गणना गरी प्रत्येक मतपत्रको मतभार बमोजिम कूल मत कायम गरी देहाय बमोजिमको सुत्र प्रयोग गरी कोटा निर्धारण गर्नु पर्नेछ :-

$$\text{कोटा} = \left\lfloor \frac{\text{कूल सदर मत}}{(\text{निर्वाचित गर्नु पर्ने सङ्ख्या} + १)} + १ \right\rfloor$$

(२) उपदफा (१) बमोजिम मतभार गणना गर्दा देहाय बमोजिमको मतपत्रलाई दफा १७ को उपदफा (६) बमोजिमको मूल्यले गुणना गर्नु पर्नेछ ।

(३) उपदफा (१) बमोजिम कोटा निर्धारण गर्दा दशमलव पछाडिको अङ्कलाई वास्ता नगरी दशमलव अगाडिको अङ्कलाई मात्र लिनु पर्नेछ ।

<u>उदाहरणार्थ</u> : कुनै प्रदेशमा प्रदेश सभाका सदस्यले दिएको ९३ वटा र गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुखले दिएको २७३ वटा मतपत्र सदर भएकोमा देहाय बमोजिम कोटा निर्धारण हुनेछ :-

(१) कूल सदर मत कायम गर्ने विधि :

(क) प्रदेश सभा सदस्यले दिएको मत ९३ × ४८ = ४४६४

(ख) गाउँपालिकाको अध्यक्ष, उपाध्यक्ष, नगरपालिकाको प्रमुख, उपप्रमुखले दिएको मत २७३ × १८ = ४९१४

(ग) कूल सदर मत (४४६४ + ४९१४) = ९३७८

(२) निर्वाचित गर्नु पर्ने सङ्ख्या = ३

(३) कोटा निर्धारण गर्ने विधि :

$$\text{कोटा} = \frac{९३७८}{(३ + १)} + १ = २३४४.५ + १ = २३४५.५$$

कोटा = २३४५

**२८. <u>पहिलो प्राथमिकता बमोजिम मतपत्र छुट्याउने</u>** : (१) दफा २७ बमोजिम कोटा निर्धारण गरी सकेपछि प्रत्येक सदर मतपत्रमा रहेको पहिलो प्राथमिकताको मतको आधारमा उम्मेदवारले प्राप्त गरेको मतपत्र छुट्याई ठेली बनाई दफा २३ बमोजिम सम्बन्धित उम्मेदवारको नाम लेखी तयार गरिएको खाम वा टोकरीमा राख्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्रत्येक उम्मेदवारको खाम वा टोकरीमा रहेका प्रत्येक मतपत्र गणना गरी सम्बन्धित उम्मेदवारले प्राप्त गरेको पहिलो प्राथमिकताको मतपत्र तथा दफा २७ को उपदफा (२) बमोजिमको मतभारको आधारमा त्यस्ता उम्मेदवारले प्राप्त गरेको जम्मा मत अनुसूची-१२ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

**२९. <u>प्रत्येक चरणको मत वितरणको विवरण राख्ने</u>** : (१) प्रत्येक चरणमा निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको बढी मत वा मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले प्राप्त गरेको मत वितरण गरिएको विवरण अनुसूची-१३ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम वितरण भएपछि प्रत्येक उम्मेदवारले प्रत्येक चरणमा प्राप्त गरेको मतको विवरण चरणबद्ध रुपमा अनुसूची-१४ बमोजिमको फाराममा उल्लेख गर्नु पर्नेछ ।

**३०. <u>उम्मेदवार निर्वाचित हुने</u>** : (१) दफा २९ को उपदफा (२) बमोजिमको फाराममा तयार गरी सके पछि प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत जनाउँदा कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरेमा निर्वाचन अधिकृतले सो फारामको कैफियत महलमा त्यस्तो उम्मेदवार

निर्वाचित भएको व्यहोरा उल्लेख गरी निजलाई अनुसूची-१५ बमोजिम निर्वाचित भएको घोषणा गर्नु पर्नेछ

(२) उपदफा (१) बमोजिम एकजना भन्दा बढी उम्मेदवारले कोटाभन्दा बढी मत प्राप्त गरेमा त्यस्ता उम्मेदवार मध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई पहिले निर्वाचित भएको घोषणा गरी निजले प्राप्त गरेको बढी मत दोस्रो प्राथमिकताको उम्मेदवारलाई वितरण गरी मतगणना गरेपछि मात्र अर्को चरणमा अर्को उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा २९ को उपदफा (२) बमोजिमको फाराममा प्रत्येक उम्मेदवारले प्राप्त गरेको मत उल्लेख गर्दा सम्बन्धित समूहबाट जतिजना निर्वाचित गर्नु पर्ने हो त्यति नै जनाले कोटा बमोजिमको मत प्राप्त गरेमा निर्वाचन अधिकृतले सो फारामको कैफियत महलमा त्यस्ता सबै उम्मेदवार निर्वाचित भएको व्यहोरा उल्लेख गरी अनुसूची-१६ बमोजिम त्यस्तो उम्मेदवार निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(४) यस निर्देशिका बमोजिम चरणबद्ध रुपमा मतगणना गर्दा कुनै चरणमा कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरेमा निजलाई यस दफा बमोजिम निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

**३१. <u>मत सङ्क्रमण हुने</u>** : (१) दफा ३० बमोजिम निर्वाचित भएको उम्मेदवारले कोटाभन्दा बढी मत प्राप्त गरेको अवस्थामा अर्को चरणमा निजले प्राप्त गरेको प्रत्येक मतपत्रमा दोस्रो प्राथमिकता अङ्कित भएका उम्मेदवारको आधारमा मतपत्र छुट्याई उपठेली बनाउनु पर्नेछ । यसरी उपठेली बनाउँदा मतपत्र नोक्सान नहुने गरी प्रत्येक मतपत्रको पछाडि पट्टि सङ्क्रमण मूल्य लेखी दोस्रो प्राथमिकता प्राप्त उम्मेदवारको मतपत्र रहेको खाम वा टोकरीमा राखी सङ्क्रमण मूल्यको आधारमा सो मत गणना गर्नु पर्नेछ र कायम रहेका सबै उम्मेदवारले प्राप्त गरेको मत जोडी उम्मेदवारले प्राप्त गरेको कुल मत कायम गर्नु पर्नेछ ।

**<u>उदाहरणार्थ</u>** : तीनजना सदस्य निर्वाचित गर्नु पर्ने कुनै समूहको लागि खसेको कुल सदर मतको आधारमा कोटा २३४५ निर्धारण भएकोमा पहिलो प्राथमिकताको मत वितरण गर्दा कुनै उम्मेदवारले ३१५० मत प्राप्त गरेको अवस्थामा निजले प्राप्त गरेको कोटा भन्दा बढी भएको ८०५ मत वितरण गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम एकजना भन्दा बढी उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरेमा त्यस्ता उम्मेदवार मध्ये सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेदवारलाई पहिले निर्वाचित भएको घोषणा गरी निजले प्राप्त गरेको बढी मत निजलाई प्राप्त मतपत्रमा अङ्कित अर्को प्राथमिकताको उम्मेदवारलाई उपदफा (१) बमोजिम कायम हुने सङ्क्रमण मूल्यको आधारमा वितरण गर्नु पर्नेछ र सो बमोजिम मत वितरण गरी सकेपछि मात्र अर्को चरणमा यसरी वितरित मत जोडी सो चरणमा बढी मत पाउने उम्मेदवारलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र निजले प्राप्त गरेको बढी मत अर्को चरणमा कायम रहेका उम्मेदवारलाई उपदफा (१) को प्रकृया बमोजिम वितरण गर्नु पर्नेछ ।

**<u>उदाहरणार्थ</u>** : तीनजना सदस्य निर्वाचित गर्नु पर्ने कुनै समूहको लागि खसेको कूल सदर मतको आधारमा कोटा २३४५ निर्धारण भएकोमा पहिलो प्राथमिकताको मत वितरण गर्दा

कुनै उम्मेदवारले ३१५० र अर्को उम्मेदवारले २८७४ मत प्राप्त गरेको अवस्थामा पहिले ३१५० मत प्राप्त गर्ने उम्मेदवारले प्राप्त गरेको कोटा भन्दा बढी भएको ८०५ मत वितरण गर्नु पर्नेछ । यसरी मत वितरण गर्दा २८७४ मत प्राप्त गरेको उम्मेदवारले समेत थप प्राप्त गरेमा निजलाई समेत त्यस्तो मत वितरण गर्नु पर्नेछ । मानौं २८७४ मत प्राप्त गर्ने उम्मेदवारले थप ८२.७९८२ मत मत प्राप्त गरेमा निजले पहिलो प्राथमिकतामा पाएको मत २८७४ मा दोस्रो चरणमा प्राप्त गरेको मत ८२.७९८२ समेत जोडी निजको कूल मत २९५६.७९८२ कायम गर्नु पर्नेछ र अर्को चरणमा निजलाई निर्वाचित भएको घोषणा गरी निजको कुल मत २९५६.७९८२ मध्ये कोटा भन्दा बढी मत ६११.७९८२ निजले प्राप्त गरेको मतपत्रमा अङ्कित अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि सम्बन्धित समूहबाट जतिजना सदस्य निर्वाचित गर्नु पर्ने हो त्यति नै जनाले कोटा बमोजिमको मत प्राप्त गरी निर्वाचित भई सकेपछि निजहरुले प्राप्त गरेको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्ने छैन ।

**उदाहरणार्थ** :

**उदाहरण १** : तीनजना सदस्य नि**र्वा**चित गर्नु पर्ने कुनै समूहको लागि भएको निर्वाचनमा खसेको कुल सदर मतको आधारमा कोटा २३४५ निर्धारण भएकोमा पहिलो प्राथमिकताको मत वितरण गर्दा तीनजना उम्मेदवारले क्रमश: ३१५०, २८७४ र २४०६ मत प्राप्त गरेमा त्यस्ता सबै उम्मेदवारहरुको कैफियत महलमा निर्वाचित भएको व्यहोरा उल्लेख गरी निजहरुलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

**उदाहरण २** : तीनजना सदस्य नि**र्वा**चित गर्नु पर्ने कुनै समूहको लागि भएको निर्वाचनमा खसेको कुल सदर मतको आधारमा कोटा २३४५ निर्धारण भएकोमा पहिलो चरणको मतगणनामा एकजना उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरी निर्वाचित भई सकेको अवस्थामा दोस्रो चरणमा दुईजना उम्मेदवारले क्रमश: २९५६.७९८२ र २३७२.५३०८ मत प्राप्त गरेमा दुवैजना उम्मेदवारहरुको कैफियत महलमा निर्वाचित भएको व्यहोरा उल्लेख गरी निजहरुलाई निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

(४) दफा ३३ बमोजिम मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारलाई प्राप्त भएको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्दा कुनै उम्मेदवारले कोटा भन्दा बढी मत प्राप्त गरी निर्वाचित भएको र यसरी निर्वाचित हुँदा समेत आवश्यक सङ्ख्यामा उम्मेदवार निर्वाचित नभएमा निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको बढी मत यस दफा बमोजिम अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्नेछ ।

३२. **सङ्क्रमण मूल्य निर्धारण गर्ने** : (१) दफा ३० बमोजिम निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको बढी मत त्यस्तो उम्मेदवारले पाएको मतपत्रमा अङ्कित अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्ने प्रयोजनको लागि देहाय बमोजिमको सुत्र प्रयोग गरी प्रत्येक मतको सङ्क्रमण मूल्य निर्धारण गर्नु पर्नेछ :-

प्रति मत सङ्क्रमण मूल्य = $\left[\dfrac{\text{निर्वाचित हुने उम्मेदवारले प्राप्त गरेको बढी मत}}{\text{निर्वाचित हुने उम्मेदवारले प्राप्त गरेको जम्मा मत}}\right]$

(२) उपदफा (१) बमोजिम सङ्क्रमण मूल्य निर्धारण गर्दा दशमलव पछिको पाँचवटासम्म अङ्कलाई लिनु पर्नेछ ।

**उदाहरणार्थ** : २३४५ कोटा निर्धारण भएकोमा कुनै उम्मेदवारले २९५६.७९८२ मत प्राप्त गरी ६११.७९८२ मत बढी भएको अवस्थामा उपदफा (१) बमोजिमको सुत्र प्रयोग गर्दा ०.२०६९१२३९६ अङ्क हुने भए तापनि दशमलव पछाडिको पाँच अङ्क मात्र लिँदा प्रत्येक मतको सङ्क्रमण मूल्य ०.२०६९१ कायम हुन्छ ।

(३) उपदफा (१) बमोजिम कायम हुन आउने प्रत्येक मतको सङ्क्रमण मूल्यलाई निर्वाचित भएको उम्मेदवारको हकमा कायम रहेको मतपत्रको मत मूल्यले गुणन गरी प्रत्येक मतपत्रको सङ्क्रमण मूल्य निर्धारण गर्नु पर्नेछ ।

उदाहरणार्थ : उपदफा (१) बमोजिम प्रत्येक मतको सङ्क्रमण मूल्य ०.२०६९१ कायम भएको अवस्थामा निर्वाचित भएको उम्मेदवारले प्राप्त गरेको मतपत्रको सङ्क्रमण मूल्य देहाय बमोजिम निर्धारण हुनेछ :-

(क) पहिलो प्राथमिकताको मतभार ४८ भएको मतपत्रको हकमा

४८×०.२०६९१ = ९.९३१६८

(ख) पहिलो प्राथमिकताको मतभार १८ को मतपत्रको हकमा

१८×०.२०६९१ = ३.७२४३८

(ग) सङ्क्रमण भई प्राप्त भएको १२.२६६४ मत मूल्य भएको मतपत्रको हकमा

१२.२६६४×०.२०६९१ = २.५३८०४

(घ) सङ्क्रमण भई प्राप्त भएको ४.५९९९ मत मूल्य भएको मतपत्रको हकमा

४.५९९९×०.२०६९१ = ०.९५१७६

(४) यस निर्देशिका बमोजिम निर्वाचित भएको उम्मेदवारलाई प्राप्त भएको बढी मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्दा प्रत्येक मतपत्रको उपदफा (३) बमोजिम कायम भएको सङ्क्रमण मूल्यको आधारमा वितरण गर्नु पर्नेछ ।

**३३.** **मतगणना प्रकृयाबाट बाहेक गर्ने :** (१) यस निर्देशिका बमोजिम मतगणना गर्दा कुनै चरणमा कुनै पनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गर्न नसकेमा सबै भन्दा कम मत पाउने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गरी निजलाई प्राप्त भएको मतपत्रमा अङ्कित अर्को प्राथमिकताको उम्मेदवारको आधारमा उपठेली बनाई अर्को प्राथमिकता पाउने उम्मेदवारको खाम वा टोकरीमा राखी मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारको हकमा कायम रहेको पूरा मूल्यमा गणना गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम कुनै उम्मेदवारलाई बाहेक गरी निजले प्राप्त गरेको मत वितरण गर्दा समेत कुनैपनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गर्न नसकेमा सो चरणसम्म कायम रहेका उम्मेदवार मध्ये सबैभन्दा कम मत प्राप्त गर्ने उम्मेदवारलाई अर्को

चरणमा मतगणना प्रकृयाबाट बाहेक गरी निजलाई प्राप्त भएको मतपत्रमा अङ्कित अर्को प्राथमिकता प्राप्त उम्मेदवारलाई उपदफा (१) बमोजिम वितरण गर्नु पर्नेछ ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि यस दफा बमोजिम कम मत प्राप्त गर्ने उम्मेदवारलाई बाहेक गर्दै जाँदा जतिजना उम्मेदवार निर्वाचित गर्नु पर्ने हो त्यतिजना मात्र बाँकी रहेको अवस्थामा मतगणना प्रकृयाबाट बाहेक भएको उम्मेदवारले प्राप्त गरेको मत अर्को प्राथमिकताको उम्मेदवारलाई वितरण गर्नु पर्ने छैन ।

(४) उपदफा (१) वा (२) बमोजिम कुनै उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त गरेमा त्यस्तो उम्मेदवारलाई दफा ३० बमोजिम निर्वाचित भएको घोषणा गर्नु पर्नेछ र कुनैपनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरेमा कुनै उम्मेदवारले त्यस्तो मत प्राप्त नगरेसम्म उपदफा (१) र (२) बमोजिमको प्रकृयालाई जारी राख्नु पर्नेछ ।

३४. **गोला हाली निर्णय गर्ने** : (१) पहिलो प्राथमिकताको मतगणना गर्दा वा मतगणनाको कुनै चरणमा एकभन्दा बढी उम्मेदवारले कोटाभन्दा बढी बराबर मत प्राप्त गरेमा कुन उम्मेदवारलाई पहिले निर्वाचित भएको घोषणा गर्ने भन्ने सम्बन्धमा गोला हाली निर्णय गर्नु पर्नेछ ।

(२) मतगणनाको कुनै चरणमा कुनैपनि उम्मेदवारले कोटा बमोजिमको मत प्राप्त नगरी सबैभन्दा कम मत पाउने उम्मेदवारलाई बाहेक गर्नुपर्ने अवस्थामा एकभन्दा बढी उम्मेदवारले सबैभन्दा कम बराबर मत प्राप्त गरेमा कुन उम्मेदवारलाई पहिले मतगणना प्रकृयाबाट बाहेक गर्ने भन्ने सम्बन्धमा गोला हाली निर्णय गर्नु पर्नेछ ।

(३) यस दफा बमोजिम बमोजिम गोला गर्दा अनुसूची-१७ बमोजिमको मुचुल्का गर्नु गराउनु पर्नेछ ।

३५. **तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत सङ्क्रमण हुने** : देहायको अवस्थामा निर्वाचित भएको उम्मेदवारले पाएको बढी मत वा मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले पाएको मत तेस्रो प्राथमिकताको उम्मेदवारलाई सङ्क्रमण गरिनेछ :-

(क) दोस्रो प्राथमिकताको उम्मेदवार निर्वाचित भई सकेको वा मतगणना प्रकृयाबाट बाहेक भई सकेको अवस्थामा,

(ख) निर्वाचित भएको वा मतगणना प्रकृयाबाट बाहेक गरिएको उम्मेदवारले दोस्रो प्राथमिकताको मत पाएकोमा सो मत सङ्क्रमण गर्नु गर्ने अवस्थामा ।

३६. **मत सङ्क्रमण नहुने** : दफा ३१ मा जुनसुकै कुरा लेखिएको भए तापनि देहाय बमोजिमको मतपत्रको मत सङ्क्रमण हुने छैन :-

(क) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता नजनाएको,

(ख) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता कुन उम्मेदवारलाई दिएको हो, सो छुट्टिन नसक्ने गरी प्राथमिकता जनाएको,

(ग) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो प्राथमिकता नजनाई तेस्रो प्राथमिकता जनाएको,

(घ) पहिलो प्राथमिकता सही रुपमा जनाएको तर दोस्रो वा तेस्रो प्राथमिकता आयोगले निर्धारण गरे बमोजिम नजनाएको,

(ङ) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकता नजनाएको,

(च) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकताको उम्मेदवार निर्वाचित भई सकेको वा मतगणना प्रकृयाबाट बाहेक भई सकेको,

(छ) तेस्रो प्राथमिकताको उम्मेदवारलाई मत वितरण गर्नु पर्नेमा सो प्राथमिकता कुन उम्मेदवारलाई दिएको हो, सो छुट्टिन नसक्ने गरी प्राथमिकता जनाएको,

(ज) निर्वाचित भएको उम्मेदवारलाई प्राप्त भएको बढी मत एक (१.०) भन्दा कम भएको ।

३७. **कोटा बमोजिमको मत प्राप्त नगरेको उम्मेदवार निर्वाचित हुने** : दफा ३० मा जुनसुकै कुरा लेखिएको भए तापनि दफा ३३ बमोजिम कम मत पाउने उम्मेदवारलाई मतगणना प्रकृयाबाट बाहेक गर्दै जाँदा जतिजना सदस्य निर्वाचित गर्नुपर्ने हो त्यति नै सङ्ख्याका उम्मेदवार मात्र बाँकी रहेमा कोटा बमोजिमको मत प्राप्त नगरे तापनि त्यस्ता उम्मेदवारलाई अनुसूची-१६ बमोजिम निर्वाचित भएको घोषणा गर्नु पर्नेछ ।

३८. **मतगणना समाप्त भएको मुचुल्का गर्ने** : (१) यस परिच्छेद बमोजिम सम्बन्धित समूहबाट जतिजना सदस्य निर्वाचित गर्नु पर्ने हो, त्यति जना उम्मेदवार निर्वाचित भई सकेपछि अनुसूची-१८ बमोजिम मतगणना समाप्त भएको मुचुल्का गर्नु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिमको मुचुल्कामा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि र मतगणना प्रतिनिधिको सहीछाप गराई आफूले सहीछाप गरी राख्नु पर्नेछ । निजहरुले सहीछाप नगरेमा मतगणनास्थलमा उपस्थित अन्य दुई जना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

## परिच्छेद-६
## विविध

३९. **दोहोऱ्याई मतगणना गर्न निवेदन दिन सक्ने** : (१) दलित तथा अपाङ्गता भएको व्यक्ति वा अल्पसङ्ख्यक समूहको लागि भएको निर्वाचनको मतगणना समाप्त नहुँदै वा गणना गरिएको मतपत्र सिलबन्दी हुनुभन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले केही वा सबै मतपत्र दोहोऱ्याई गन्ती गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित अनुसूची-१९ बमोजिम निवेदन दिन सक्नेछ ।

(२) महिला वा अन्य समूहको लागि भएको निर्वाचनको कुनै चरणको मतगणना समाप्त नहुँदै वा अर्को चरणको मतगणना शुरु नहुँदै वा अन्तिम चरणको मतगणनाको हकमा मतपत्र सिलबन्दी हुनु भन्दा पहिले कुनै उम्मेदवार वा निजको निर्वाचन प्रतिनिधि वा

मतगणना प्रतिनिधिले तत्काल अघि भएको चरणको दोहोऱ्याई मतगणना गराई पाउँ भनी तत्काल निर्वाचन अधिकृत समक्ष कारण सहित अनुसूची-१९ बमोजिम निवेदन दिन सक्नेछ ।

<u>**उदाहरणार्थ**</u> :

**उदाहरण १** : दोस्रो चरणको मतगणनाको सम्बन्धमा चित्त नबुझ्ने पक्षले तेस्रो चरणको मतगणना शुरु नहुँदै दोस्रो चरणको दोहोऱ्याई मतगणना गराई पाउन निवेदन दिनु पर्नेछ । तेस्रो चरणको मतगणना शुरु भई सके पछि वा तेस्रो चरणको मतगणना सम्पन्न भई सके पछि दोस्रो चरणको दोहोऱ्याई मतगणना गरिने छैन ।

**उदाहरण २** : मतगणनाको कुनै चरणमा आवश्यक संख्यामा उम्मेदवार निर्वाचित भई सकेको अवस्थामा अन्तिम चरणको दोहोऱ्याई मतगणना गराई पाउन मतगणना भएको मतपत्र सिलबन्दी नहुँदै निवेदन दिनु पर्नेछ । मतगणना भएको मतपत्र सिलबन्दी भई सके पछि दोहोऱ्याई मतगणना गरिने छैन ।

(३) उपदफा (२) बमोजिम पुनः मतगणनाको लागि निवेदन प्राप्त भएमा निर्वाचन अधिकृतले सो निवेदन दर्ता गर्नु पर्नेछ ।

४०. <u>**दोहोऱ्याई मतगणना गर्ने**</u> : दफा ३९ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था परेमा निर्वाचन अधिकृतले दोहोऱ्याई मतगणना गर्न अनुसूची-२० बमोजिमको मुचुल्का गरी सो मुचुल्कामा आफूले सहीछाप गरी पुनः मतगणनाको लागि निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको र सो मतगणना गर्ने स्थानमा उपस्थित अन्य उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ । मुचुल्कामा सहीछाप गर्नुपर्ने व्यक्तिले सहीछाप नगरेमा मुचुल्कामा सोही व्यहोरा जनाई मतगणना गर्ने स्थानमा उपस्थित अन्य दुईजना व्यक्तिको सहीछाप गराउनु पर्नेछ ।

४१. <u>**दोहोऱ्याई मतगणना नगर्ने भएमा सूचना दिने**</u> : दफा ३९ बमोजिम प्राप्त निवेदन अनुसार दोहोऱ्याई मतगणना गर्नु पर्ने अवस्था नदेखिएमा वा दोहोऱ्याई मतगणना गर्न निर्वाचन अधिकृत सहमत नभएमा निजले सोही व्यहोराको निर्णय गरी सो स्थानमा उपस्थित निवेदन दिने उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई निर्वाचन परिणामको घोषणा गर्नुभन्दा पहिले अनुसूची-२१ बमोजिमको सूचना दिनु पर्नेछ ।

४२. <u>**प्रमाणपत्र दिने**</u> : (१) निर्वाचन अधिकृतले यस निर्देशिका बमोजिम निर्वाचन परिणामको घोषणा गरी सकेपछि निर्वाचित उम्मेदवारलाई अनुसूची-२२ बमोजिमको प्रमाणपत्र दिनु पर्नेछ ।

(२) निर्वाचन अधिकृतले निर्वाचित उम्मेदवारको तीनप्रति प्रमाणपत्र तयार गरी एकप्रति विजयी उम्मेदवारलाई दिई अर्को प्रति अभिलेखको लागि निर्वाचन कार्यालयमा बुझाउनु पर्नेछ र अर्को एकप्रति निर्वाचन आयोगमा पठाउनु पर्नेछ । यसरी प्राप्त भएका प्रमाणपत्र निर्वाचन कार्यालय र निर्वाचन आयोगले सुरक्षितसाथ राख्नु पर्नेछ ।

४३. **निर्वाचन परिणामको विवरण आयोगमा पठाउने** : निर्वाचन अधिकृतले मतगणना तालिका र निर्वाचन परिणाम घोषणा सम्बन्धी विवरण निर्वाचन आयोगमा तुरुन्त पठाउनु पर्नेछ ।

४४. **मतगणना लगातार गर्ने** : निर्वाचन अधिकृतले मतगणनाको कार्य प्रारम्भ गरेपछि सबै समूहको लागि भएको निर्वाचनको मतगणना नसकिएसम्म मतगणनाको कार्य लगातार गर्नु पर्नेछ ।

४५. **मतगणना गर्ने स्थानबाट बाहिर पठाउने** : (१) निर्वाचन अधिकृतले मतगणनाको काममा बाधा पुऱ्याउने जुनसुकै व्यक्तिलाई सो स्थानबाट तत्काल बाहिर जान आदेश दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम आदेश पाएको व्यक्ति तुरुन्त मतगणना स्थलबाट बाहिर जानु पर्नेछ । त्यस्तो आदेश पालना नगरी अटेर गर्ने व्यक्तिलाई निर्वाचन अधिकृतको आदेश बमोजिम सुरक्षाकर्मीले त्यस्तो स्थानबाट बाहिर पठाउनेछ र त्यस्तो व्यक्तिलाई निर्वाचन अधिकृतले कसूरको मात्रा हेरी कानून बमोजिम कारबाही समेत गर्न सक्नेछ ।

४६. **मतगणना समाप्त हुनुभन्दा पहिले मतगणनाको काम स्थगित गर्न सकिने** : (१) मतगणनाको काम समाप्त हुनुभन्दा पहिले सो मतगणनाको कार्य लगातार जारी राख्न नसक्ने काबु बाहिरको परिस्थिति सिर्जना भएमा निर्वाचन अधिकृतले मतगणना समाप्त हुनुभन्दा पहिले सो मतगणना कार्य स्थगित गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम मतगणना समाप्त हुनुभन्दा पहिले मतगणना गर्ने काम स्थगित गर्नु परेमा निर्वाचन अधिकृतले गणना गरी सकेका मतपत्र, गणना गर्न बाँकी रहेका मतपत्र र मतपेटिकाको लगत समेत अलग-अलग खाम, थैलो वा बोरामा बन्द गरी आफूले सहीछाप गरी लाहाछाप लगाउनु पर्नेछ र सो बन्द खाममा उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिले समेत आफ्नो लाहाछाप लगाउन सक्नेछ ।

(३) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना कार्य स्थगित गर्नु पर्ने कारण समेत उल्लेख गरी अनुसूची-२३ बमोजिमको मुचुल्का गर्नु पर्नेछ र सो मुचुल्कामा आफूले सहीछाप गरी मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिको समेत सहीछाप गराउनु पर्नेछ ।

(४) निर्वाचन अधिकृतले उपदफा (१) बमोजिम मतगणना स्थगित भएको अवस्थामा यथाशिघ्र मतगणनाको कार्य पुनः प्रारम्भ गर्नु पर्नेछ ।

(५) यस दफा बमोजिम मतगणना स्थगित गरेको सम्बन्धमा उपदफा (४) बमोजिम पुनः मतगणना प्रारम्भ गर्ने सम्बन्धमा निर्वाचन अधिकृतले अनुसूची-२४ बमोजिमको सूचना तयार गरी मतगणना गर्ने स्थानमा सबैले देख्ने गरी प्रकाशन गर्नु पर्नेछ । यसरी मतगणना स्थगित गरेको र पुनः मतगणना प्रारम्भ हुने सूचना मतगणना गर्ने स्थानमा उपस्थित उम्मेदवार, निर्वाचन प्रतिनिधि वा मतगणना प्रतिनिधिलाई तुरुन्त दिनु पर्नेछ ।

तर कुनै उम्मेदवार वा उम्मेदवारको प्रतिनिधि उपस्थित हुन नआएको कारणले मतगणना गर्ने काममा बाधा पुगेको मानिने छैन ।

(६) निर्वाचन अधिकृतले उपदफा (५) बमोजिम पुनः मतगणना प्रारम्भ गर्दा अनुसूची-२५ बमोजिमको मुचुल्का गर्नु पर्नेछ ।

